**सघीय संसद**

**संसदीय सुनुवाई समिति**

**मितिः २०७७/०५/२५ गते, बिहिबार**

समय : विहान १२:१५ बजे ।
प्रारम्भ :
अन्त्य :

**बैठक संख्या : ६०**

समितिको आजको बैठक समितिका सभापति माननीय **श्री लक्ष्मण लाल कर्ण**को सभापतित्वमा बस्यो । बैठकमा माननीय सदस्यहरुको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

| क.सं. | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा० श्री लक्ष्मण लाल कर्ण (सभापति) | |
| २. | मा० श्री अमृता थापा | |
| ३. | मा० श्री जितेन्द्रनारायण देव | |
| ४. | मा० श्री देव प्रसाद गुरुङ | |
| ५. | मा० श्री नन्दा चपाई | |
| ६. | मा० श्री निरु देवी पाल | |
| ७. | मा० श्री पुष्पा भुसाल (गौतम) | |
| ८. | मा० श्री पूर्ण कुमारी सुवेदी | |
| ९. | मा० श्री भिमसेन दास प्रधान | |
| १०. | मा० श्री राजेन्द्र प्रसाद श्रेष्ठ | |
| ११. | मा० श्री शिवकुमार मंडल(केवट) | |
| १२. | मा० श्री सुमनराज प्याकुरेल | |
| १३. | मा० श्री सुरेन्द्र प्रसाद पाण्डे | |
| १४. | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की | |

प्रस्तावित राजदूतहरुको उपस्थिति

| क्र.सं. | नाम,थर | हस्ताक्षर |
|---|---|---|
| १. | श्री गेहेन्द्र राजभण्डारी | |
| २. | श्री तापस अधिकारी | |
| ३. | श्री रामकाजी खड्का | |

निर्णय :

१.

नेपाल सरकार परराष्ट्र मन्त्रालयको प.सं. GA/OA/ ०७७/०७८, च.नं. १०९३, मिति २०७७/०५/०३ को पत्रानुसार बेल्जियम र युरोपियन युनियन, पाकिस्तान र जर्मनीका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि क्रमशः श्री गेहेन्द्र राजभण्डारी, श्री तापस अधिकारी तथा श्री रामकाजी खड्कालाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाईका लागि पठाइएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम श्री गेहेन्द्र राजभण्डारी, श्री तापस अधिकारी र श्री रामकाजी खड्काको सुनुवाई गर्दा प्रस्तावित व्यक्तिहरुको योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम श्री गेहेन्द्र राजभण्डारी, श्री तापस अधिकारी र श्री रामकाजी खड्काको नाम सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

२.नेपाल सरकारबाट विभिन्न मुलुकका लागि नेपाली राजदुतको पदमा नियुक्तिको सिफारिश गर्दा बर्तमान नेपालको संबिधानको प्रस्तावना र धारा ४२ को व्यवस्था बमोजिम समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा सिफारिस गरेको देखिदैन । रिक्त रहेका सबै पदमा एकमुष्ट सिफारिस नगरी परराष्ट्र मन्त्रालयको राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ११(च) मा उल्लेखित समावेशी सिद्धान्तको प्रावधानलाई पालना नगरि उक्त खण्डको प्रतिबन्धात्मक वाक्यांश अनुसार नेपाल परराष्ट्र सेवाका राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीका बहालवाला अधिकृतहरु मध्येबाट मन्त्रिपरिषदले सिफारिस गर्ने प्रावधान अनुसार मात्र सिफारिस गरेको देखिन्छ । संविधान र निर्देशिकाको उक्त व्यवस्था सम्बन्धी विषयमा मिति २०७५ माघ २४ गतेको समितिको बैठकमा परराष्ट्र मन्त्रीले सरकारका तर्फबाट व्यक्त गर्नु भएको सो सम्बन्धी प्रतिबद्धता तथा सो व्यवस्था बमोजिम गर्न समितिले विभिन्न मितिमा दिएको पटक पटकको निर्देशन समेतको पालना भएको देखिदैन । सोही कारण पछिल्लो समयमा उपर्युक्त सिद्धान्त सम्बन्धी संविधान र कानूनी व्यवस्थाको परिपालनाका विषयमा उजुरी समेत यस समितिमा प्राप्त भएको अवस्था छ । तसर्थ आगामी दिनमा बिभिन्न मुलुकका लागि नेपाली राजदुतको पदमा सिफारिस गर्दा रिक्त रहेका सबै पदमा एकमुष्ट रुपमा संविधान र कानूनको उक्त व्यवस्था तथा समितिका पटक पटकका निर्देशन बमोजिम समानुपातिक समावेशी सिद्धान्तलाई ध्यानमा राखी सिफारिस गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

३.समितिको अर्को बैठक अर्को सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।